# १. बीमा समिति :

## १.१ परिचय

बीमा व्यवसायको वृद्धि, विकास, नियन्त्रण तथा अनुगमन गर्नको लागि तत्कालिन अवस्थामा नियमनकारी निकायको आवश्यकता महशुस गरी नेपाल सरकारबाट २०२५ सालमा बीमा समितिको स्थापना भएको हो । समितिले मिति २०२६ साल जेष्ठ १ गतेको प्रथम बैठकबाट आफ्नो कार्य आरम्भ गरेको थियो । तत्पश्चात बीमा ऐन, २०४९ ले नेपालको बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने जिम्मेवारीका साथ बीमा समितिलाई अविछिन्न उत्तराधिकारवाला स्वायत्त संस्थाको रुपमा स्थापित गरेको छ ।

## १.२ उद्देश्य :

नेपालको बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नु बीमा समितिको प्रमुख उद्देश्य रहेको छ ।

## १.३ गठन :

बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित र नियन्त्रित गर्नका लागि बीमा समितिको गठन भएको छ । बीमा समितिमा सरकारी, बीमित र बीमा विशेषज्ञहरु समेत गरी ५ जना सदस्य रहने व्यवस्था छ । समितिमा पूर्णकालीन कार्य गर्ने गरी नेपाल सरकारद्वारा नियुक्त अध्यक्षका साथै नेपाल सरकार अर्थ मन्त्रालयका सह-सचिव, नेपाल सरकार कानून न्याय संविधानसभा तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव, बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनित गरेको एक जना व्यक्ति र बीमित मध्येबाट नेपाल सरकारले मनोनीत गरेको एकजना व्यक्ति सदस्य रहने व्यवस्था छ । समितिले तोकेको बीमा समितिको कुनै कर्मचारीले समितिको सचिवको काम गर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्षमा बीमा समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरुको विवरण **तालिका-१** मा प्रस्तुत गरिएको छ ।

तालिका-१

**आ.व.०७२/०७३ मा बीमा समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरू**

| सि.नं. | निकाय | नाम | पद | समितिमा प्रतिनिधित्व गरेको अवधि |
|---|---|---|---|---|
| १. | बीमा समिति | प्रा.डा.फत्त बहादुर के.सी. | अध्यक्ष | २०६५/०९/०८ देखि २०७३/०९/०८ सम्म |
| २. | कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय | श्री उदयराज सापकोटा | सदस्य | २०७२/०८/०७ देखि २०७३/०७/०२ सम्म |
| ३. | अर्थ मन्त्रालय | श्री मुकुन्द प्रसाद पौड्याल | सदस्य | २०७२/११/१२ देखि २०७३/०७/०२ सम्म |
| ४. | नेपाल वायूसेवा निगम (बीमितको प्रतिनिधी) | श्री सुगत रत्न कंसाकार | सदस्य | २०७२/११/१२ देखि हालसम्म |
| ५. | बीमा विज्ञ | श्री कपिल देव ओली | सदस्य | २०७२/१२/१० देखि हालसम्म |
| ६. | बीमा समिति | श्री श्रीमान कार्की | सचिव | २०७०/०३/०५ देखि हालसम्म |

# २. मानव संसाधन तथा भौतिक पूर्वाधार

## २.१. मानव संसाधन

यस समितिले आफ्नो संगठनात्मक संरचना सम्बन्धमा समय समयमा अध्ययन गरी संरचनाको ढाँचा लागू गरेको छ । यस अनुसार ३ वटा महाशाखा ९ वटा शाखा १८ प्रशाखा तथा अध्यक्षको निजी सचिवालय समेत रहने व्यबस्था छ । सथै बीमा समितिको संगठनात्मक संरचना **अनुसुची-१** मा र कार्यकारी अध्यक्ष तथा प्रमुख व्यवस्थापकीय कर्मचारीहरुको विवरण **अनुसुची-२** मा प्रस्तुत गरिएको छ ।

## २.२ भौतिक पूर्वाधार

यस बीमा समितिको चावहिल, काठमाण्डौ स्थित कार्यालय भवन दुई रोपनी जग्गामा दुई तल्ले भवन रहेको छ । भविश्यमा यही भौतिक संरचनाले अपुग हुने देखि नेपाल बैंक लिमिटेडको स्वामित्वमा रहेको ललितपुर, कुपन्डोल स्थित ९ रोपनि १३ आना जग्गा र त्यसमा बनेको भवन समेत समितिले खरिद गरिसकेको छ । हाल उक्त ललितपुर कुपन्डोल स्थित भवनलाई आवश्कता अनुसार पुन संरचना गरी मिति २०७२ साल जेष्ठ १० गते देखि कार्यालयको सम्पूर्ण काम कारवाही सोही स्थानबाट भइरहेको छ । समितिको विकास तथा विस्तार संगसंगै भविष्यमा आवश्यक पर्ने भौतिक संरचनाको अभावलाई समेत परिपूर्ति गर्न समितिले सोही स्थानमा भवन निर्माण गर्ने योजना रहेको छ ।

# ३. समिति तथा उप-समिति :

बीमा ऐन, २०४९ को दफा ९ को व्यवस्था अनुसार समितिले आफ्नो कार्य सुचारु रुपले संचालन गर्नका लागि आवश्यकता अनुसार उप-समितिहरु गठन गर्न सक्नेछ । त्यस्तो उप-समितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि समितिले तोकिदिए बमोजिम हुने व्यवस्था छ ।

## ३.१. बीमादर सल्लाहकार समिति :

बीमा ऐन, २०४९ को दफा ४१ बमोजिम नेपाल सरकारले बीमा व्यवसायको बीमा दर कायम गर्ने सम्बन्धमा समितिलाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नका लागि देहायका सदस्यहरु रहेको एक बीमा दर सल्लाहकार समिति गठन गरेको छ ।

| | |
|---|---|
| (क) अध्यक्ष, बीमा समिति - | अध्यक्ष |
| (ख) बीमकका प्रमुखहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेको तीन जना - | सदस्य |
| (ग) सचिव, बीमा समिति - | सदस्य-सचिव |

सल्लाहकार समितिको वैठक सम्बन्धी कार्यविधी, समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ । उक्त समितिको काम कर्त्यव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## ३.२. पदपूर्ति समिति :

बीमा समिति कर्मचारी सेवा शर्त विनियमावली, २०६८ को विनियम १० मा पदपूर्ति समितिको गठनको व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम सेवाका रिक्त पद व्यवस्थाको कार्य क्षमताको मूल्याङ्कन तथा आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा खुल्ला प्रतियोगिता द्वारा पूर्ति गर्नका लागि समिति समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक पदपूर्ति समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) अध्यक्ष, बीमा समिति - | अध्यक्ष |
| (ख) प्रतिनिधी अर्थमन्त्रालय - | सदस्य |
| (ग) बीमा समितिले तोकेका सेवा विशेषज्ञ - | सदस्य |
| (घ) बीमा समितिको विभागिय प्रमुख कर्मचारी प्रशासन विभाग - | सदस्य-सचिव |

पदपूर्ति समितिले आफ्नो बैठक सम्बन्धी सम्पूर्ण कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ । आवश्यकतानुसार पदसंग सम्बन्धित विशेषज्ञ आमन्त्रण गर्न सक्नेछ ।

### ३.३. खरिद इकाई कमिटी

कार्यालयमा आवश्यक पर्ने सामानहरु खरिद प्रयोजनका लागि प्रचलित बीमा समिति खरिद विनियमावली, २०६७ को विनियम ३ बमोजिम एक खरिद इकाई कमिटी गठन भएको छ ।

### ३.४. खरिद मूल्याङ्कन समिति :

बीमा समिति प्रचलित आर्थिक प्रशासन विनियमावली २०६७ ले गरेको व्यवस्था अनुसार खरिद इकाईले खरिदको लागि आवश्यक विवरण तयार पारी सिफारिसका लागि खरिद मूल्याङ्कन समितिमा पठाउनु पर्ने व्यवस्था छ । यसरी खरिदको लागि सिफारिस गरेको विवरणलाई कार्यान्वयनमा ल्याउनको लागि बीमा समिति खरिद विनियमावली, २०६७ को विनियम १३३ बमोजिम खरिद मूल्याङ्कन समिति समेत गठन भएको छ ।

### ३.५ बीमा समिति इजलास :

बीमा ऐन, २०४९ बमोजिम बीमकहरुबाट जारी भएका बीमालेखहरु अन्तर्गत परेका बीमा दावी सम्वन्धी विवादमा बीमितको तर्फबाट दायर भएका बीमा दावी उजुरी उपर निर्णय गर्दा निवेदक तथा विपक्षी बीमक दुवैलाई समितिमा उपस्थित गराई दुबैको उपस्थितिमा खुला सुनुवाई गरी सो सम्वन्धमा निर्णय गर्ने कार्य प्रारम्भ गरिएको छ ।

## ४. बीमा समितिको काम, कर्तब्य र अधिकार :

बीमा ऐन, २०४९ को दफा (८) बमोजिम बीमा समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छ :

(क) बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्नको लागि नीति निर्धारण/निर्माण गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ख) बीमाबाट प्राप्त हुन आएको रकम लगानी गर्नको लागि नीति निर्धारण गरी प्राथमिकता क्षेत्र तोक्ने,

(ग) बीमक, बीमा अभिकर्ता, सर्भेयर, दलालको इजाजतपत्र दर्ता र नवीकरण गर्ने तथा दर्ता खारेज गर्ने, गराउने,

(घ) बीमक तथा बीमित बीचको वाद विवादमा मध्यस्थता गर्ने,

(ङ) बीमा दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएको उजूरी उपर निर्णय गर्ने,

(च) बीमा व्यवसायका सम्बन्धमा बीमकलाई समय-समयमा आवश्यक निर्देशन दिने

(छ) बीमितको हित रक्षाको निम्ति आवश्यक आधार तर्जुमा गर्ने,

(ज) बीमा व्यवसायसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने, गराउने

## ५. बीमा समितिबाट सम्पादन गरिएका मुख्य मुख्य कार्यहरू :

### ५.१. बीमा व्यवसायलाई विकसित गर्ने :

(क) तालिम, सेमिनार, गोष्ठि, अन्तरक्रिया आदि जस्ता जनशक्ति बिकास कार्यक्रमहरु संचालन,

(ख) चेतना मूलक, प्रचारात्मक तथा जानकारी मूलक कार्यक्रमहरु संचालन,

(ग) अध्ययन तथा अनुसन्धान,

(घ) स्थानीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय क्षेत्रका बीमा नियमनकारी तथा अन्य निकायहरुसंग समन्वय तथा सम्बन्ध बिस्तार ।

### ५.२. बीमा व्यवसायलाई व्यवस्थित गर्ने :

(क) बीमक, बीमा अभिकर्ता, बीमा सर्भेयर, तथा बीमा दलालको इजाजतपत्र दर्ता र नवीकरण

(ख) ऐन, नियम, नीति, निर्देशन तर्जुमा र कार्यान्वयन,

(ग) बीमालेख शर्त सुविधा निर्धारण तथा स्वीकृति,

(घ) बीमकको व्यवसाय बिस्तार स्वीकृति (शाखा कार्यालय बिस्तारको स्वीकृति),
(ङ) बीमाङ्कीय मूल्यांकन अनुसार बीमकको बित्तीय विवरण स्वीकृति,
(च) बीमकको बित्तीय विवरण बिश्लेषण र स्वीकृति,
(छ) बीमकको लगानी सम्बन्धी नीति निर्धारण तथा स्वीकृति,
(ज) बीमा दावी विवादमा मध्यस्थता,
(झ) बीमा दावी उजुरी उपर अर्धन्यायिक निकायको रुपमा शुरु किनारा ।

### ५.३. बीमा व्यवसायलाई नियमित गर्ने :

(क) स्थलगत, गैर स्थलगत निरीक्षण तथा अनुगमन (विस्तृत तथा आकस्मिक),
(ख) उजुरी छानविन तथा निर्देशन,
(ग) विदेशी मुद्रा सटहि सिफारिस,
(घ) पुनर्बीमा सम्बन्धी नीति निर्देशन,
(ङ) स्थिर सम्पत्ती खरिद/बिक्री स्वीकृति
(च) बीमकको संस्थागत सुशासन कार्यान्वयन गराउने ।

### ५.४. बीमा व्यवसायलाई नियन्त्रित गर्ने :

(क) आदेश तथा निर्देशन,
(ख) सचेत,
(ग) आर्थिक दण्ड तथा जरिवाना,
(घ) कारोवार रोक्का (आंशिक वा पूर्ण),
(ङ) इजाजत पत्र खारेज ।

## ६. समितिको आयश्रोत तथा उपयोग :

### ६.१. समितिको आयश्रोत :

बीमा ऐन, २०४९ को दफा ३४ मा रहेका व्यवस्था बमोजिम बीमा समितिले विभिन्न श्रोतहरुबाट रकम प्राप्त गर्न सक्ने भएता पनि हालसम्म सेवा शुल्क, बीमक, बीमा सर्भेयर, बीमा अभिकर्ता दर्ता तथा नविकरण शुल्क र जरिवाना बाहेक अन्य स्रोतबाट आम्दानी भएको छैन । प्राप्त श्रोतलाई एउटा छुट्टै कोष बनाई सो कोषमा देहायका रकमहरु रहने व्यवस्था गरिएको छ ।
(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,
(ग) बीमक, बीमा अभिकर्ता तथा सर्भेयरको इजाजतपत्र दर्ता र नवीकरण आदिबाट प्राप्त रकम,
(घ) सेवा शुल्कबाट प्राप्त रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

### ६.२. कोषको उपयोग :

बीमा समितिमा प्राप्त हुने कोषबाट समितिको सम्पूर्ण प्रशासनिक खर्चको अलवा बीमा ऐनको उद्देश्य अनुरुप बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित र नियन्त्रित गर्न तथा विविध कार्यक्रम संचालनका लागि कोषको रकम उपयोग हुँदै आएको छ। समितिको तर्फवाट गरिने सम्पूर्ण खर्चहरु समितिको कोषमा जम्मा रहेको रकमबाट व्यहोरिने प्रावधान रहेको छ ।

## ७. अन्तर्राष्ट्रिय सम्बन्ध :

समिति, स्वीजरल्याण्डको बासेल स्थित बीमा नियमनकारी निकायहरुको अन्तर्राष्ट्रिय संगठन (International Association of Insurance Supervisors (IAIS)) को संस्थापक सदस्य रहेको छ । यसका साथै, Association of Insurance and Reinsurance of Developing Country (AIRDC) , Insurance Congress of Developing Contries (ICDC) तथा South Asian Insurance Regulators Forum (SAIRF) को पनि सदस्य रहदै आएको छ । छिमेकी राष्ट्र भारतको बीमा नियमनकारी निकाय Insurance Regulatory & Development Authority of India (IRDA) का साथै चीन, श्रीलंका, भुटान तथा अन्य मित्र राष्ट्रहरुका बीमा नियमनकारी निकाय लगायत एसियाली विकास बैंक र Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) संगको सम्बन्ध विस्तार गर्दै आएको छ ।

## ८. बीमा व्यवसायसंग सम्बन्धित पेशागत संघ र संगठनहरू :

- **नेपाल बीमक संघ, काठमाण्डौं ।**

  बीमकहरुको एक आपसमा परेका समस्याहरुको छलफल तथा समाधान गर्नका साथै आफ्ना हक हितकालाई समेत ध्यानमा राखि नेपाल बीमक संघको स्थापना भएको हो । यसमा सदस्य बीमकहरुबाट एक जना अध्यक्ष लगायतका अन्य पदाधिकारीहरु चयन हुने गर्दछ ।

- **नेपाल इन्स्योरेन्स प्रोफेसनल सोसाइटी, काठमाण्डौं ।**

  बीमकहरुको अधिकृत स्तरका कर्मचारीहरु सदस्य रहेको नेपाल इन्स्योरेन्स प्रोफेसनल सोसाइटी स्थापना गरेको अवस्था छ । जस मध्येबाट अध्यक्ष लगायतका पदाधिकारीको नियुक्ती हुने व्यबस्था छ ।

- **नेपाल बीमा सर्भेयर संघ, काठमाण्डौं ।**

  बीमा सर्भेयरहरुको एक आपसमा परेका समस्याहरुलाई समाधन गर्न तथा सर्भेयरहरुको हक हित संरक्षण गर्नका लागि नेपाल बीमा सर्भेयर संघको स्थापना भएको हो । यसका सदस्यहरु बीमा सर्भेयरहरु हुन सक्ने र सदस्यहरु मध्ये अध्यक्ष लगायतका पदाधिकारीहरुको चयन हुने गरेको छ ।

- **नेपाल पेशागत बीमा अभिकर्ता संघ, काठमाण्डौं ।**

  बीमा अभिकर्ताहरुमा परेका समस्याहरुलाई समाधन गर्न तथा अभिकर्ताको हक हित संरक्षण गर्नका लागि नेपाल पेशागत बीमा अभिकर्ता संघको स्थापना भएको छ । यसका सदस्यहरु बीमा अभिकर्ताहरु हुने र सो मध्येबाट अध्यक्ष लगायतका पदाधिकारीहरुको चयन हुने गरेको छ ।

## ९. बीमा समितिको आर्थिक विवरण

बीमा समितिको वासलात, आय व्यय र नगद प्रवाह विवरण क्रमश **तालिका २, ३ र ४** मा प्रस्तुत गरिएको छ भने वासलात र आय व्यय हिसाबको विस्तृत विवरण **अनुसुची ३** मा प्रस्तुत गरिएको छ ।

# बीमा समिति

## कुपण्डोल, ललितपुर

## तालिका २

### मिति ३१ आषाढ २०७३ (जुलाई १५, २०१६) को वासलात

| बिवरण | अनुसूची नं. | यस बर्षको रकम रु. | गत बर्षको रकम रु. |
|---|---|---|---|
| पूंजी कोष एवं दायित्व | | | |
| संचित र जगेडा कोष | | | |
| क) संचित कोष | १ | २,५३२,३१९,७९० | २,०२३,१६५,०८५ |
| ख) बिशेष कोष | २ | - | - |
| जम्मा : | | २,५३२,३१९,७९० | २,०२३,१६५,०८५ |
| मध्यम तथा दिर्घकालीन ऋण | ३ | | |
| क) सूरक्षित ऋण | | - | - |
| ख) असूरक्षित ऋण | | - | - |
| जम्मा : | | - | - |
| कुल जम्मा | | २,५३२,३१९,७९० | २,०२३,१६५,०८५ |
| सम्पत्ति | | | |
| स्थिर सम्पत्ति | | | |
| (क) परल मोल | ४ | ५६५,४२७,०९८ | ५६१,१५८,२२४ |
| (ख) न्युन : ह्रास | | ३५,५९८,६३६ | ३०,४२१,४६५ |
| खुद मूल्य | | ५२९,८२८,४६३ | ५३०,७३६,७५९ |
| निर्माणाधीन एवं कार्य प्रगति खर्च | | - | - |
| लगानी | ५ | १,४२०,०००,००० | १,०२०,०००,००० |
| **चालू संपत्ति, पेश्की र सापटी:** | | - | - |
| जिन्सी मौज्दात | ६ | ११०,३१५ | २७९,६८६ |
| ब्यापारिक तथा अन्य प्राप्य रकम | ७ | ४७८,९४५,४५३ | ३६५,८९२,९८० |
| नगद र अन्य मौज्दात | ८ | ९२,६०४,१७९ | ९०,५३८,३४८ |
| अग्रीम भूक्तानी रकम, पेश्की, सापटी र धरौटी | ९ | ५५,०९१,५७५ | ५८,६४८,६६१ |
| **कूल चालू संपत्ति** | | ६२६,७५१,५२२ | ५१५,३५९,६७५ |
| न्युन : चालु दायित्व र ब्यवस्था | | | |
| ब्यापारिक तथा अन्य भूक्तानी गर्नुपर्ने रकम | १० | १,७९९,१८८ | १,८८१,७८९ |
| ब्यवस्थाहरु | ११ | ४२,४६१,००६ | ४१,०४९,५६१ |
| कुल चालू दायित्व | | ४४,२६०,१९४ | ४२,९३१,३४९ |
| खुद चालू सम्पत्ति | | ५८२,४९१,३२८ | ४७२,४२८,३२५ |
| अपलेखन गर्न बाकी | १२ | - | - |
| स्थगन कर (टिप्पणी .....अनूसार ) | | - | - |
| कुल जम्मा | | २,५३२,३१९,७९० | २,०२३,१६५,०८५ |
| संभावित दायित्वहरु | १३ | - | - |
| प्रमूख लेखा नीति तथा लेखासाग सम्वन्धित टिप्पणीहरु | १४ | | |

१ देखि १२ सम्मका अनूसुचीहरु वासलातका अभिन्न अंग हुन् ।

★ अनुसुचीको विस्तृत विवरण अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

# बीमा समिति

कुपण्डोल, ललितपुर

## आय ब्यय विवरण

**१ श्रावण २०७२ देखि ३१ अषाढ २०७३ (१७ जुलाई २०१५ देखि १५ जुलाई २०१६) सम्मको**

तालिका ३

| विवरण | अनुसूची नं. | यस बर्षको रकम रु. | गत बर्षको रकम रु. |
|---|---|---|---|
| सेवाबाट प्राप्त आम्दानी | | | - |
| दर्ता एवं नवीकरण शूल्क | १५ | ३९,७४३,५७७ | ३२,३५५,८८५ |
| सेवा शूल्क | १६ | ४६८,५९४,८४० | ३६६,९७७,७१९ |
| ब्याज आम्दानी | १७ | ७८,४१५,८७४ | ३८,९७८,४७२ |
| तालिम शूल्क | | ५००,००० | २५१,००० |
| अन्य आम्दानी | १८ | ६७०,०५२ | १,६३६,७३५ |
| जम्मा आम्दानी | | ५८७,९२४,३४२ | ४४०,१९९,८११ |
| खर्चः | | | |
| कर्मचारीको खर्च एंव भत्ताहरु | १९ | ४०,८८१,६९३ | ७८,३९२,२८८ |
| संचालन खर्च | २० | ३२,८२५,०६२ | ३६,५५७,४८२ |
| बित्तिय खर्च | २१ | - | - |
| ह्रास खर्च | ४ | ५,१७७,१७१ | ४,३५६,८९३ |
| जम्मा खर्च | | ७८,८८३,९२६ | ११९,३०६,६६३ |
| आयकर कट्टी गर्नू अघिको खूद बचत | | ५०९,०४०,४१६ | ३२०,८९३,१४८ |
| आयकरको व्यवस्था | | | |
| यस बर्षको कर (टिप्पणी ३.९.१ अनूसार ) | | - | - |
| स्थगन कर (टिप्पणी ३.९.२ अनूसार ) | | - | - |
| आयकर कट्टी पछिको खूद बचत वासलातमा सारेको | | ५०९,०४०,४१६ | ३२०,८९३,१४८ |

१४ देखि २१ सम्मका अनूसुचीहरु नाफा नोक्सान हिसाबका अभिन्न अंग हून् ।

★ अनुसुचीको विस्तृत विवरण अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

# बीमा समिति

कुपण्डोल, ललितपुर

तालिका ४

## २०७३ आषाढ मसान्तको नगद प्रवाह बिबरण

| बिबरण | यस वर्षको रकम रु | गत वर्षको रकम रु |
|---|---|---|
| **क) संचालन गतिबिधिबाट भएको नगद प्रवाह** | | |
| खुद नाफा | ५०९,०४०,४१६ | ३२०,८९३,१४८ |
| गत बर्षको समायोजन | ११४,२८९ | (३१६,०७३) |
| ह्रास कटी | ५,१७७,१७१ | ४,३५६,८९३ |
| **चालू पुजीको परिबर्तन भन्दा अघीको नगद प्रवाह** | ५१४,३३१,८७६ | ३२४,९३३,९६८ |
| **चालू पुजीको परिबर्तनबाट भएको नगद प्रवाह** | (१०७,९९७,१७१) | (१७,०८३,५९३) |
| जिन्सी मौज्दातमा घटी (बृद्धि) | १६९,३७१ | ४२७,४१९ |
| आसामी घटी (बृद्धि) | (११३,०५२,४७३) | (५६,०५३,४१७) |
| पेश्कि, सापटी धरौटी घटी (बृद्धि) | ३,५५७,०८६ | (२,९८३,४७८) |
| **चालु दायित्व तथा ब्यबस्था बृद्धि (घटी)** | १,३२८,८४५ | ४१,५२५,८८३ |
| **संचालन गतिबिधिको खूद नगद प्रवाह (क)** | ४०६,३३४,७०५ | ३०७,८५०,३७६ |
| **ख) लगानी गतिबिधिबाट भएको नगद प्रवाह** | | |
| सम्पति बिक्रिबाट प्राप्त | - | - |
| लगानीमा भएको बृद्धि | (४००,०००,०००) | (३७०,०००,०००) |
| स्थिर सम्पति खरिद | (४,२६८,८७४) | (१,०७३,१२३) |
| **लगानी गतिबिधिको खूद नगद प्रवाह (ख)** | (४०४,२६८,८७४) | (३७१,०७३,१२३) |
| **ग) आर्थिक गतिविधिबा६ भएको नगद प्रवाह** | | |
| बैकबाट ऋण प्राप्त | - | - |
| नेपाल सरकारबाट ऋण प्राप्त | - | - |
| आर्थिक गतिविधिको नगद प्रवाह (ग) | - | - |
| **प्रस्तुत वर्षको नगद प्रवाह (क + ख + ग )** | २,०६५,८३१ | (६३,२२२,७४७) |
| सुरुको नगद तथा बैक मौज्दात | ९०,५३८,३४८ | १५३,७६१,०९५ |
| अन्तिम नगद तथा बैक मौज्दात | ९२,६०४,१७९ | ९०,५३८,३४८ |

# बार्षिक कार्यक्रमको कार्य प्रगति समिक्षा

## १. बीमा सम्बन्धी अध्ययन गर्ने

बीमा क्षेत्रका बिद्यमान समस्याहरु र समाधानका उपायहरु पत्ता लगाउन, बीमा क्षेत्रको आवश्यक सुधार सम्बन्धी उपायहरु अवलम्बन गर्न, बीमा सम्बन्धी नीति, नियम तथा योजना तर्जुमा गर्न आवश्यक अध्ययन गर्ने लक्ष्य लिईएकोमा प्रारम्भिक तहमा आन्तरिक र बीमकका प्रतिनिधिहरुसंग छलफल भएको छ । यस सम्बन्धमा बिदेशी दातृ निकायहरु संग छलफल तथा सम्बनधित कार्यक्रमहरु तर्जूमा भएको तथा कृषि बिकास मन्त्रालयका प्रतिनिधिहरुसंग कृषि बीमाका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश भईसको छ ।

बीमकको जोखिममा आधारित निरीक्षणका अनुपात (Ratio) निक्यौंल गरी समितिमा पेश भएपछि जोखिममा आधारित निरीक्षण (Risk Based Supervision) सम्बन्धी अध्ययन कार्य अगाडी बढाउनु पर्ने हुदा सो कार्यलाई आगामि बर्षका लागि निरन्तरता दिइएको छ ।

## २. समितिको संस्थागत सुधार गर्ने

समितिको क्षमता अभिबृद्धि गरी बीमक तथा बीमा मध्यस्थकर्ताहरुको अनुगमन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउन समितिको संगठन तथा ब्यवस्थापन सर्वेक्षण प्रतिबेदनमा दिइएका सुझावहरु तथा बीमा नियमनकारी निकायहरुको अन्तर्राष्ट्रिय संगठन (IAIS) द्वारा प्रतिपादित बीमाको मूलभूत सिद्धान्तहरुको आधार अनुरुप समितिको संस्थागत सुधार गर्नका लागि तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्न पाच बर्षे रणनितिक योजनाको ब्यवस्था गरिएको छ ।
संघीय तथा प्रार्देशिक कार्यलयहरुको संरचना सम्बन्धमा बीमकका पदाधिकारीहरु, बीमा कम्पनीका संचालक लगायत सरोकारवालाहरुसंग छलफल समेत भएको छ ।

## ३.नियमावली तथा निर्देशिका तर्जुमा गर्ने ।

बीमा समितिसंग सम्बन्धित बिभिन्न निर्देशिकाहरुलाई संसोधन गर्ने लक्ष्य राखिएकोमा स्वास्थ्य बीमा ब्यबसायको संचालन सहजिकरण गर्न तेश्रो पक्ष सहजकर्ता सम्बन्धी निर्देशिकाको मसौदा तयार पारी पेश भएको छ । साथै स्थलगत निरीक्षण निर्देशिकालाई पुनरावलोकन गरी पेश गरिएको छ ।

## ४.अन्तराष्ट्रिय तथा बीमा नियमनकारीहरुको सम्मेलन गरिएको ।

सार्क क्षेत्रका नियमकारी निकायहरु बीच आपसी सद्भाव तथा सहयोगको प्रवर्द्धन तथा यस क्षेत्रका बीमाका बिभिन्न बिषयमा छलफल गर्न तेश्रो दक्षिण एशियाली मुलुकहरुको बीमा नियमनकारी निकायहरुको बैठक काठमाण्डौमा सम्पन्न भयो । सोही अबसरमा विश्वका बिभिन्न मुलुकहरुका बीमक, पूनर्बिमा तथा बीमा क्षेत्रका अन्य बिधाका प्रतिनिधिहरु, एशियाली बिकासका प्रतिनिधी तथा जिआईजेडका प्रतिनिधी समेत सम्मिलित दुई दिने अन्तराष्ट्रिय सम्मेलन(कन्फरेन्स) पनि सम्पन्न भयो।

## ५.ब्यवसायिक जनशक्तिको बिकास गर्ने

बीमा क्षेत्रको लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न निम्न बमोजिम कार्य सम्पन्न भयो :
(क) समितिका कर्मचारीलाई तालिममा सहभागि गराइएको:

- बीमा सम्बन्धी आन्तरिक तालिम
- फिलिफिन्समा बैदेशिक तालिम तीन जना सहभागि
- चार्टर्ड एकाउन्टेण्टस् संस्थाद्वारा आयोजित तालिममा तीन जना सहभागि
- जिआइजेडद्वारा आयोजित तालिममा छ जना सहभागि
- कृषि विकास मन्त्रालयबाट आयोजित तालिममा तीन जना सहभागि
- बीमाङ्कीय मुल्याङ्कन सम्बन्धी तालिममा पाँच जना सहभागि
- सम्पत्ति शुद्धिकरण सम्बन्धी तालिममा दुई जना सहभागि ।

(ख) छात्रबृत्ति प्रदान गरिएको

समितिबाट एक जनालाई छात्रवृत्ति प्रदान गरिएको ।

(ग) सर्भेयरका आधारभूत तालिम

बीमा सर्भेयरको दुईबटा आधारभुत तालिम सम्पन्न भएको ।

(घ) कृषि बीमाको तालिम

पर्सा, बीरगंज, प्यूठान, हेटौडा, मकवानपुर, धनुषा, मोरङ्ग, झापा, तेह्रथुम, दाङ्ग, बारा, पाल्पा आदि स्थानहरुमा बाली तथा पशुपन्छी सम्बन्धी आधारभुत तालिम सम्पन्न गरिएको छ ।

जिल्ला कृषि विकास कार्यालयबाट माग भई आए बमोजिम बाली तथा पशुपंक्षी बीमा अभिकर्ताको तालिम सम्बन्धित जिल्ला अर्न्तगत परेका बीमकबाट तालिम सञ्चालन गर्न निर्देशन दिइएका छ ।

## ६. जनचेतना अभिबृद्धि

बीमा बारे सर्वसाधारणमा चेतना अभिवृद्धि गर्ने तथा बीमालाई ग्रामिण क्षेत्र, न्यून आय वर्ग लगायत समाजका सबै तहको पंहुच सम्म पुऱ्याउन बीमा सम्बन्धी विशेष प्रचार प्रसार गर्ने कार्यक्रम रहेकोमा यस बर्ष कृषि बीमा सम्बन्धी जिंगल तयार गरी नेपाल टेलिभिजनबाट समय समयमा प्रसारण भएको ।

## ७.स्वास्थ्य तथा लघु बीमा लागू गर्ने

लघु तथा स्वास्थ्य बीमा सम्बन्धी आवश्यक कानूनी ब्यवस्था तयार गर्नका साथै सो सम्बन्धी बीमालेख जारी गर्ने कार्ययोजना रहेकोमा लघु बीमा सम्बन्धी बीमालेख प्रचलनमा आइसकेको तथा स्वास्थ्य बीमालाई ब्यबस्थित गर्न माथि उल्लेख भए बमोजिम तेस्रो पक्ष सहजकर्ता सम्बन्धी निर्देशका तयार गरी समितिमा पेश भैसकेको छ ।

## ८.समितिको भौतिक पूर्वाधार बिकास गर्ने

समितिको लागि नयां भवन निर्माण गर्ने कार्यका लागि पूर्वाधार कमिक रुपमा तयार पारिदै गएको छ ।

## ९.बीमा प्रतिष्ठान स्थापना

प्रस्तावित बीमा बिधेयकमा बीमा प्रतिष्ठान स्थापना सम्बन्धी ब्यबीस्था रहेको र सो विधेयक पारित भए पश्चात प्रारम्भिक कार्य थालनि गरिने छ ।

# बीमा बजारको विवरण

- अर्थतन्त्र तथा बीमा बजार
- जीवन बीमा
- निर्जीवन बीमा
- पुनर्बीमा
- बाली, पशुपन्छी तथा लघु बीमा
- विविध

## १. विश्वको आर्थिक वृद्धिदर :

विकसित अर्थतन्त्रको पुनरुत्थानमा आएको सुस्तता र विश्व आर्थिक बृद्धिमा उच्च योगदान रहेका ठूला उदीयमान अर्थत्रन्त्रहरुको बृद्धि समेत घट्न गएका कारण विश्व उत्पादन बृद्धिदर घट्न गएको छ । अर्न्तराष्ट्रिय मुद्रा कोषले सन् २०१६ को अप्रिलमा प्रकाशित गरेको विश्व आर्थिक परिदृश्यका अनुसार सन् २०१४ मा ३.४ प्रतिशतले बृद्धि भएको विश्व उत्पादन बृद्धिदर सन् २०१५ मा घटेर ३.१ प्रतिशत हुन गएको छ । सन् २०१६ मा यस्तो उत्पादन बृद्धि दरमा सुधार भई ३.२ प्रतिशत पुग्ने अर्न्तराष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ ।

कोषको प्रक्षेपण अनुसार सन् २०१५ मा १.९ प्रतिशतले बृद्धि भएको विकसित मुलुकको अर्थत्रन्त्र सन् २०१६ मा समेत समान दरले बृद्धि हुने देखिन्छ । **(तालिका-५)**

तालिका-५

**विश्वको आर्थिक वृद्धिदर**

(वार्षिक प्रतिशत)

| क्र.सं. | विवरण | २०१३ | २०१४ | २०१५ | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०१६ | २०१७ | २०२० |
| १ | विश्व अर्थ तन्त्र | ३.३ | ३.४ | ३.१ | ३.२ | ३.५ | ३.९ |
| २ | विकसित अर्थतन्त्र | १.२ | १.८ | १.९ | १.९ | २.० | १.८ |
| ३ | उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.९ | ४.६ | ४.० | ४.१ | ४.६ | ५.१ |
| ४ | विकासोन्मूख एशिया | ६.९ | ६.८ | ६.६ | ६.४ | ६.३ | ६.४ |
| ५ | मध्यपुर्व तथा उत्तर अफ्रिकी मूलूकहरु | २.१ | २.६ | २.३ | २.९ | ३.३ | ३.६ |
| ६ | मध्य तथा पुर्वी यूरोपेली मूलूकहरु | २.८ | २.८ | ३.५ | ३.५ | ३.३ | ३.३ |
| ७ | यूरोपियन यूनियनका मूलूकहरु | ०.३ | १.४ | २.० | १.८ | १.९ | १.८ |

श्रोत : आर्थिक सर्वेक्षण २०७२/७३

सन् २०१५ मा ४.० प्रतिशतले वृद्धि भएको उदीयमान र विकासशील देशहरुको अर्थत्रन्त्र सन् २०१६ मा ४.१ प्रतिशतले बृद्धि हुने कोषको प्रक्षेपण रहेको छ । रसिया र ब्राजिल जस्ता राष्ट्रहरुको अर्थत्रन्त्रमा आएको आर्थिक मन्दि र चीनको अर्थतन्त्रमा भएको कमि तथा तेल निर्यात राष्ट्रहरुको अर्थत्रन्त्र समेत कमजोर रहेका कारण उदीयमान तथा बिकासशील देशहरुको आर्थिक वृद्धिदर कम रहने देखिएको छ ।

### १.१ छिमेकी मुलुकहरुको आर्थिक वृद्धिदर र नेपालको राष्ट्रिय आर्थिक वृद्धिदर

सन् २०१४ को तुलनामा सन् २०१५ मा दक्षिण एशियाली मुलुकहरु मध्ये मालदिभ्स र नेपाल बाहेक अन्य सबै मुलुकहरुको आर्थिक वृद्धिदर बढेको छ । त्यसैगरी सन् २०१५ को तुलनामा सन् २०१६ मा नेपाल बाहेक अन्य सबै दक्षिण एशियाली मुलुकहरुको आर्थिक वृद्धि बढ्ने प्रक्षेपण मुद्रा कोषको रहेको छ । नीतिगत सुधारका कारणले भारतीय अर्थत्रन्त्रमा लगानीको विस्तार भई आर्थिक वृद्धिदर बढ्दै जाने तर चीनको आर्थिक वृद्धिदर भने घट्ने कोषको प्रक्षेपण रहेको छ । ठूला एशियाली देशहरु मध्ये भारतीय तथा चिनिया अर्थत्रन्त्र सन् २०१५ मा क्रमश ७.३ प्रतिशत र ६.९ प्रतिशतले बढेकोमा सन् २०१६ मा क्रमश ७.५ प्रतिशत र ६.५ प्रतिशतले बढ्ने कोषको अनुमान छ । **(तालिका-६)**

तालिका-६

**नेपाल लगायत छिमेकी मुलुकहरूको आर्थिक वृद्धि**

(वार्षिक प्रतिशत)

| क्र.सं. | विवरण | २०१३ | २०१४ | २०१५ | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०१६ | २०१७ | २०२१ |
| १ | बंगलादेश | ६.० | ६.३ | ६.४ | ६.६ | ६.९ | ६.५ |
| २ | भूटान | ४.९ | ६.४ | ७.७ | ८.४ | ८.६ | ७.५ |
| ३ | भारत | ६.६ | ७.२ | ७.३ | ७.५ | ७.५ | ७.८ |
| ४ | माल्दिभ्स | ४.७ | ६.५ | १.९ | ३.५ | ३.९ | ४.७ |
| ५ | नेपाल | ४.१ | ५.४ | ३.४ | ०.५ | ४.५ | ३.८ |
| ६ | श्रीलंका | ३.४ | ४.५ | ५.२ | ५.० | ५.० | ५.० |
| ७ | पाकिस्तान | ३.७ | ४.० | ४.२ | ४.५ | ४.७ | ५.५ |
| ८ | अफगानिस्तान | ३.९ | १.३ | १.५ | २.० | ३.० | ४.० |
| ९ | चीन | ७.७ | ७.३ | ६.९ | ६.५ | ६.२ | ६.० |

श्रोत : अर्न्तराष्ट्रिय मुद्राकोष अप्रिल, २०१६

## १.२ विश्व बीमा बजार

आर्थिक विकाससंगै विश्व बीमा बजार पनि क्रमिक रुपमा वृद्धि भईरहेको छ । स्वीस री. (Swiss Re., reinsurance major) को "वर्ल्ड इन्सुरेन्स इन २०१५" प्रतिवेदन अनुसार जीवन बीमा तर्फ सन् २०१५ मा बीमा शुल्कमा अघिल्लो वर्षको तुलनामा ३.८ प्रतिशतले वृद्धि भयो भने निर्जिवन तर्फ सोही अवधीमा बीमाशुल्कको वृद्धि ३.६ प्रतिशत थियो ।

सो प्रतिवेदन अनुसार सन् २०१५ मा दक्षिण पुर्वी एशियामा पनि जीवन र निर्जीवन दुबै तर्फको बीमा शुल्कमा उल्लेख्य वृद्धि भएको छ । यस अवीधमा चीनमा जीवन बीमा तर्फ संकलित बीमा शुल्कमा उल्लेख्य वृद्धि भएको छ जसको प्रमुख श्रेय परम्परागत जीवन बीमा व्यवसायलाई जान्छ । निर्जीवन बीमा तर्फ संकलित बीमा शुल्कमा मोटर, कृषि र दायित्व जस्ता बीमालेखको व्यवसायका कारणले उल्लेख्य वृद्धि भएको छ । त्यसैगरी भारतमा पनि Bancassurance को पुनर्जागरण र प्रविधिको वढ्दो प्रयोगको कारणले जीवन बीमा शुल्कमा उल्लेख्य वृद्धि भएको छ । निर्जीवन बीमा तर्फ समेत भएको वृद्धिका कारण मुनाफामा सुधार भएको देखिन्छ ।

## १.३ नेपालको बीमा बजार

नेपालमा प्राचीनकाल देखि नै विभिन्न स्वरुपमा बीमा व्यवसाय प्रयोगमा रहेको पाइन्छ । विभिन्न प्रकारका विपत्ति परेका व्यक्ति तथा परिवारलाई समुदायले क्षतिपुर्ति दिने प्रचलन बीमाको प्रारम्भिक स्वरूप भन्न सकिन्छ । नेवारी समुदायमा गुठी प्रणाली अझै प्रचलनमा रहेको पाइन्छ । वि.सं. १९३८ सालमा तेजारथ अड्डाको स्थापना भए पश्चात विपत्ति परेका व्यक्ति तथा परिवारलाई क्षतिपुर्ति सरकारले उक्त अड्डाबाट दिने प्रचलनको शुरूवात गर्यो । वि.सं. १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापना भएपश्चात उक्त बैंकको लगानीमा वि.सं. २००४ सालमा नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको स्थापना भएको थियो । वि.सं २०२५ सालमा राष्ट्रिय बीमा सँस्थानको स्थापना भयो । वि.सं. २०४४ सालमा निजी क्षेत्रबाट पहिलो बीमा कम्पनीको रूपमा नेशनल लाइफ एण्ड जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडको स्थापना भयो । २०४६ सालको राजनैतिक परिवर्तन पश्चात अवलम्बन गरिएको उदार अर्थतन्त्र नीतिका कारण निजी क्षेत्रबाट थुप्रै बीमकहरू बजारमा देखापरे । हाल कूल सत्ताइस वटा बीमा कम्पनीहरू नेपाली बजारमा सक्रिय रहेकाछन् । जसमा नौ वटा जीवन बीमा कम्पनी, सत्र वटा निर्जीवन बीमा कम्पनी तथा एउटा पुनर्बीमा कम्पनी छन् । नेपाली बीमा बजारमा रहेका बीमकहरूको स्थिति देहाय अनुसार रहेको छ । **(तालिका-७)**

(तालिका-७)

| क्र.सं | स्वामित्व | बीमाको प्रकार | | | कुल |
|---|---|---|---|---|---|
| | | निर्जीवन | जीवन | पुनर्बीमा | |
| १ | सरकारी स्वामित्व | १ | १ | - | २ |
| २ | निजी क्षेत्र | १२ | ५ | - | १७ |
| ३ | विदेशी | २ | २ | - | ४ |
| ४ | सँयुक्त लगानी | २ | १ | १ | ४ |
| | **कूल** | **१७** | **९** | **१** | **२७** |

## १.४ कुल ग्रार्हस्थ उत्पादनमा बीमाशुल्कको अनुपात :

कुल गार्हस्थ उत्पादन (प्रचलित मूल्य) मा बीमा शुल्कको अनुपात क्रमिक रुपमा बढेको देखिन्छ। आ.व. २०७१/७२ मा कुल गार्हस्थ उत्पादनमा बीमाशुल्कको योगएदानको अनुपात १.७१ प्रतिशत मात्र रहेकोमा आ.व. २०७२/७३ मा बृद्धि भएर २.०३ प्रतिशत रहेको छ। **(तालिका-८)**।

तालिका-८

**कुल ग्रार्हस्थ उत्पादनमा बीमाशुल्कको अनुपात**

| | | कूल बीमाशूल्क आर्जन | कूल गार्हस्थ उत्पादन | कूल गार्हस्थ उत्पादनमा कूल बीमाशूल्क अनुपात |
|---|---|---|---|---|
| क्र.सं | आ.ब. | (रु. करोडमा) | (प्रचलित मुल्यमा) (रु. करोडमा) | (प्रतिशतमा) |
| १ | २०६८/६९ | २,२०१.३६ | १५२,७३० | १.४४ |
| २ | २०६९/७० | २,४६३.३७ | १६७,५०० | १.४७ |
| ३ | २०७०/७१ | ३,०४३.१३ | १९४,१६० | १.५७ |
| ४ | २०७१/७२ | ३,६४१.२६ | २१२,४६० | १.७१ |
| ५ | २०७२/७३ | ४,६९६.९२ | २३०,९४२ | २.०३ |

नोट : तालिका ११ र तालिका २५ मा विस्तृत विवरण हेर्नुहुन।

## २. जीवन बीमा

नेपालमा जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरु छुट्टाछुट्टै व्यवस्थित रुपमा स्थापित भएका छन् । जीवन बीमाको क्षेत्रमा स्थापना भएका ९ वटा बीमा कम्पनीहरुको शाखा, उपशाखा तथा सम्पर्क कार्यालय गरी जम्मा ५९३ वटा कार्यालय संचालनमा रहेका छन् जसको विस्तृत विवरण **तालिका ९** मा प्रस्तुत गरिएको छ ।

तालिका ९

**जीवन बीमा व्यवसाय गर्ने बीमकहरू**

| क्र. सं | कम्पनीको नाम | ठेगाना | स्वामित्व | दर्ता मिति | शाखा |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा संस्थान | रामशाहपथ | सरकारी | २०२५/०९/०१ | ११ |
| २ | नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. | लाजिम्पाट | निजी | २०४४/०९/२३ | ९९ |
| ३ | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | कमलादी | निजी | २०५८/०१/०४ | १०४ |
| ४ | लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | नक्साल | संयूक्त | २०५८/०४/२३ | ३४ |
| ५ | मेट लाईफ (ALICO) | पूल्चोक | बिदेशी | २०५८/०४/१८ | २२ |
| ६ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. | डिल्लीबजार | निजी | २०६४/१२/२१ | ९३ |
| ७ | सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लि. | नक्साल | निजी | २०६४/१२/०६ | ५६ |
| ८ | गुँरास लाईफ इन्स्योरेन्स कम्पनी लि. | तीनकुने | निजी | २०६४/१२/१८ | ६४ |
| ९ | प्राइम लाईफ इन्स्योरेन्स कम्पनी लि. | हात्तीसार | निजी | २०६५/०२/२२ | ११० |
| | **जम्मा** | | | | **५९३** |

### २.१ जीवन बीमा व्यवसाय गर्ने बीमकको चुक्ता पूँजी तथा कोष :

बीमा ऐन, २०४९ अनुसार जीवन बीमा कम्पनीहरुले चुक्ता पूँजी कम्तिमा ५० करोड हुनु पर्ने प्रावधान रहे बमोजिम अधिकांश जीवन बीमा कम्पनीहरुको चुक्ता पुँजी पुगिसकेको छ । आ.व. २०७०/७१, २०७१/७२ तथा २०७२/७३ को अन्त्यमा जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको चुक्ता पूँजी, बीमा कोष र अन्य जगेडा तथा कोषमा क्रमश उल्लेख्य बृद्धि भएको छ । **(तालिका-१०)** ।

तालिका-१०

**जीवन बीमा व्यवसाय गर्ने बीमकको चुक्ता पूँजी तथा कोष**

(रु. करोडमा)

| क्र.सं | बीमकको नाम | ०७०/७१ | | | २०७१/७२ | | | २०७२/७३ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चुक्ता पूंजी | जगेडा तथा कोष | जीवन बीमा कोष | चुक्ता पूंजी | जगेडा तथा कोष | जीवन बीमा कोष | चुक्ता पूंजी | जगेडा तथा कोष | जीवन बीमा कोष |
| १ | नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ७८.३९ | ४३.३६ | ९८८.२४ | १०१.९ | ४४.६ | ११९१.९९ | १३२.४९ | ४७.२६ | १४३१.६३ |
| २ | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | १०८.४ | ७७.०५ | .०८ | १७३.४ | ६२.५ | २३२९.१ | २१६.७५ | १०६.५६ | ३१४०.५२ |
| ३ | लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | ६५.८१ | ३६.३३ | १५५०.५२ | ८५.५६ | ४०.३६ | २०२४.८४ | १०६.९५ | ४९.७२ | २६४८.४४ |
| ४ | मेट लाईफ ढबिक्ष्ऋइण | - | ५०.२७ | ८५६.६ | - | ५९.२८ | ९९२.३३ | ० | ९४.०८ | १,११७.७५ |
| ५ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. | ५२.१३ | ३२.१८ | ४४२.९७ | ६७.१३ | २१.४३ | ५८५.४८ | ६७.१३ | ३१.३३ | ७७४.४३ |
| ६ | सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लि. | ५० | १३.४३ | ६७.२२ | ५० | १३.३५ | ६७.२३ | ५० | २८.१८ | १६४.६ |
| ७ | गुँरास लाईफ इन्स्योरेन्स कम्पनी लि. | ५० | १४.५६ | १०१.०६ | ५० | १८.२७ | १५१.५६ | ५५ | २०.६१ | २२२.१७ |
| ८ | प्राइम लाईफ इन्स्योरेन्स कम्पनी लि. | ४८.८२ | ४६.२३ | १८७.११ | ४८.८२ | ५८.३३ | २६३.८७ | ४८.८२ | ७८.६५ | ३५८.३१ |
| | जम्मा | ४५३.५ | ३१३.४ | ५,८९८.८० | ५७६.८ | ३१८.१ | ७,६०६.४० | ६७७.१४ | ४५६.३९ | ९,८५७.८५ |

नोट : राष्ट्रिय बीमा संस्थानको विवरण प्राप्त नभएकाले समावेश नगरिएको ।

## २.२ जीवन बीमा व्यवसायबाट आर्जन भएको कुल बीमाशुल्क

नेपालको जीवन बीमा व्यवसाय प्रत्येक बर्ष क्रमिक रुपमा बृद्धि भईरहेको देखिन्छ । आ.व. २०७१/७२ मा जम्मा बीमाशुल्क रु. २४ अरब ९७ करोड ३३ लाख मा बृद्धि भई आ.व.२०७२/७३ मा रु. ३१ अरब ९२ करोड ८६ लाख रहेको छ । गत ४ बर्षमा बीमा शुल्कमा कमश १३.७१%, २४.१७%, २४.८३% र २७.८५% ले वृद्धि भएको देखिन्छ । **(तालिका-११)** ।

तालिका-११

**जीवन बीमा व्यवसायबाट आर्जन भएको कुल बीमाशुल्क**

| क्र.सं | आर्थिक वर्ष | जीवन बीमाशूल्क आर्जन ★ (रु. करोडमा) | अघिल्लो आ.व.को तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|
| १ | २०६८/६९ | १,४१६.९३ | - |
| २ | २०६९/७० | १,६११.१५ | १३.७१ |
| ३ | २०७०/७१ | २,०००.५३ | २४.१७ |
| ४ | २०७१/७२ | २,४९७.३३ | २४.८३ |
| ५ | २०७२/७३ | ३,१९२.८६ | २७.८५ |

★ राष्ट्रिय बीमा संस्थानको अनुमानित विवरण समावेस गरिएको ।

## २.३ जीवन बीमा ब्यवसायबाट संकलित बीमा शुल्कको लगानी स्थिति

प्रचलित बीमा ऐन तथा नियमावली अनुसार बीमकहरुको लगानी योग्य रकमलाई दीर्घकालीन रुपमा नेपाल भित्र लगानी गर्न लगाउने यस समितिको नीति भए बमोजिम बीमकहरुले नेपाल सरकार र नेपाल राष्ट्र बैंकको बचतपत्र/ऋणपत्र, बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती खाता, शेयर, बीमालेखको धितोमा कर्जा आदिमा उक्त रकम लगानी गर्दै आएका छन् । आ.व.२०६८/६९ देखि आ.व.२०७२/७३ सम्ममा जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट क्रमश रु.४,००४.८३ करोड,रु. ४९८२.९१ करोड, रु. ६४३७.७, रु. ८१९३.३६ करोड र रु. १०६७२.८८ करोड लगानी भएको छ । आ.व. २०७०/७१ को तुलनामा आ.व. २०७२/७३ मा ३०.५७% ले लगानी रकममा वृद्धि भएको देखिन्छ जुन **तालिका १२** मा प्रस्तुत गरिएको छ ।

तालिका-१२

**जीवन बीमा ब्यवसायबाट भएको लगानी**

(रु. करोडमा)

| क्र.सं | कम्पनीको नाम | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|---|
| १ | नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ७१८.२५ | ८७०.५२ | १०६२.४९ | १,२६४.७३ | १,५५५.९९ |
| २ | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ११२२.६८ | १३५३.७२ | १८३३.५५ | २,४५२.४९ | ३,३९४.४० |
| ३ | लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | ९०२.८१ | १२१७.०५ | १५६३.०१ | २,०५१.६२ | २,६९५.८१ |
| ४ | मेट लाईफ (ALICO) | ७१८.९० | ७९३.०५ | ९६३.५६ | १,०९४.१२ | १२५७.३६ |
| ५ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. | २५४.४१ | ३६०.६४ | ४६८.१७ | ५८६.४४ | ७६७.०७ |
| ६ | सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लि. | ६८.६४ | ८६.७५ | ११९.६१ | १६९.६८ | २४५.०५ |
| ७ | गुँरास लाईफ इन्स्योरेन्स कम्पनी लि. | ८६.०८ | १०३.९४ | १५८.२४ | २०७.६९ | २७८.०५ |
| ८ | प्राइम लाईफ इन्स्योरेन्स कम्पनी लि. | १३३.०६ | १९७.२४ | २६९.०७ | ३६६.५९ | ४७९.१५ |
| | जम्मा | ४००४.८३ | ४९८२.९१ | ६४३७.७० | ८१९३.३६ | १०६७२.८८ |
| | बृद्धिदर | | २४.५७ | २९.०२ | २६.९९ | ३०.५७ |

नोट : राष्ट्रिय बीमा संस्थानको विवरण प्राप्त नभएकाले समावेश नगरिएको ।




## २.४ जीवन बीमा ब्यवसाय गर्ने बीमकहरुको खुद नाफाको विवरण :

नेपालमा संचालित जीवन बीमा कम्पनीहरुले आ.व.२०६८/६९ देखि आ.व.२०७२/७३ सम्म गरेको खुद नाफा रकम क्रमशः रु. १२२.७९ करोड, रु. २३३.५१ करोड, रु. १४२.१५ करोड, रु. १३६.६३ करोड र रु. २४४.५० करोड रहेको छ। **(तालिका- १३)**।

तालिका-१३

**नेपालमा जीवन बीमा ब्यवसाय गर्ने बीमकहरुले आर्जन गरेको खुद नाफाको विवरण**

(रु. करोडमा)

| क्र.सं. | बीमकको नाम | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|---|
| १ | नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ९.६३ | ४४.२८ | २५.२५ | २६.३४ | ३४.९७ |
| २ | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ६२.२१ | ७७.४६ | ६१.४१ | ५२.७६ | ९०.६६ |
| ३ | लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १७.१८ | २७.७३ | १९.४८ | २४.९० | ३२.१४ |
| ४ | मेट लाईफ (ALICO) | २.५९ | ५५.६३ | ६.२१ | ६.८० | ३४.४१ |
| ५ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. | ११.३९ | ७.३७ | ७.५२ | ७.८१ | १०.६१ |
| ६ | सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लि. | २.९४ | ४.०३ | ४.३८ | २.१९ | १३.२५ |
| ७ | गुँरास लाईफ इन्स्योरेन्स कम्पनी लि. | ४.२५ | ४.६४ | ३.८४ | ३.७० | ७.५७ |
| ८ | प्राइम लाईफ इन्स्योरेन्स कम्पनी लि. | १२.६० | १२.३७ | १४.०६ | १२.१० | २०.८९ |
| | जम्मा | १२२.७९ | २३३.५१ | १४२.१५ | १३६.६३ | २४४.५० |

नोट : राष्ट्रिय बीमा संस्थानको विवरण प्राप्त नभएकाले समावेश नगरिएको।

## २.५ बीमालेखको संख्या

आर्थिक वर्ष २०६८/६९ देखि २०७२/७३ मा जीवन बीमा गर्ने बीमकहरुबाट जारी भएका बैदेशिक रोजगार (म्यादी) बीमालेखको संख्या क्रमशः ६,०७,९७२, ८,२३,६१५, ९,१२,२१९, ९,३३,८७१ र ११,६९,७६० रहेकोछ। जीवन बीमालेख अर्न्तगत क्रमशः ३,०३,८६२ , २,०१,७४२ , ३,०६,०८१ , ४,२३,३५१ र ६,४८,७६५ वटा रहेकोछ। आ.ब.२०७२/७३ सम्ममा जम्मा ४९,१७,५४६ वटा बीमालेखहरु जारी भएको देखिन्छ। आर्थिक वर्ष २०७१/७२ को तुलनामा आ.व. २०७२/७३ मा बैदेशिक रोजगार बीमालेख तथा जीवन बीमालेख ३३.९९% ले बृद्धि भएको देखिन्छ। **(तालिका १४)**

तालिका १४

**बीमालेख संख्याको विवरण**

| क्र.सं. | आ.ब. | बीमालेखको संख्या | | | |
|---|---|---|---|---|---|
| | | बैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखको संख्या | जीवन बीमालेखको संख्या | जम्मा बीमालेखको संख्या | बृद्धि दर प्रतिशतमा |
| १ | २०६८/६९ | ६,०७,९७२ | ३,०३,८६२ | ९,११,८३४ | १८.७३ |
| २ | २०६९/७० | ८,२३,६१५ | २,०१,७४२ | १०,२५,३५७ | १२.४५ |
| ३ | २०७०/७१ | ९,१२,२१९ | ३,०६,०८१ | १२,१८,३०० | १८.८२ |
| ४ | २०७१/७२ | ९,३३,८७१ | ४,२३,३५१ | १३,५७,२२२ | ११.४० |
| ५ | २०७२/७३ | ११,६९,७६० | ६,४८,७६५ | १८,१८,५२५ | ३३.९९ |




## २.६ दावी भुक्तानी (खुद)

नेपालको बीमा व्यवसायबाट आ.व. २०७२/७३ मा रु. ४ अर्ब ५३ करोड २९ लाख दावी भुक्तानी (खुद) भएको छ भने अघिल्लो आ.व. २०७१/७२ मा रु. ३ अर्ब ६० करोड १४ लाख दावी भुक्तानी (खुद) भएको थियो। यसरी आ.व. २०७१/७२ को तुलनामा आ.व. २०७२/७३ मा दावी भुक्तानीमा (खुद) २५.८६% ले वृद्धि भएको देखिन्छ। **तालिका १५**

तालिका १५

**जीवन बीमा व्यवसायबाट भएको दावी भुक्तानी (खुद)**

रकम रु. कारोडमा

| क्र.सं. | आर्थिक वर्ष | जीवन दावी भुक्तानी (रु.करोडमा) | अघिल्लो आ.व.को तूलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|
| १ | २०६८/६९ | १७७.४१ | २७.०१ |
| २ | २०६९/७० | २३१.०८ | ३०.२५ |
| ३ | २०७०/७१ | ३१०.७४ | ३४.४७ |
| ४ | २०७१/७२ | ३६०.१४ | १५.९० |
| ५ | २०७२/७३ | ४५३.२९ | २५.८६ |

नोट : राष्ट्रिय बीमा संस्थानको विवरण प्राप्त नभएकाले समावेश नगरिएको।




## २.७ वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख

बिगत लामो समय देखी नेपाली युवाहरू वैदेशिक रोजगारीको निमित्त विभिन्न मुलुकहरूमा जाने गरेका छन् । हाल करिव पैंतीस लाख नेपालीहरू विदेशस्थित विभिन्न कम्पनी, फर्म लगायतका सँस्थाहरूमा कार्य गरिरहेका छन् । वैदेशिक रोजगारीमा गएका नेपाली युवाहरूले कमाएर पठाएको विप्रेषण (रेमिट्यान्स) नेपाली अर्थतन्त्रको मूल आधारको रूपमा रहँदै आएकोछ ।

वैदेशिक रोजगारी जोखिम रहित छैन । नेपालीहरू कामदारहरु वैदेशिक रोजगारीका लागि खाडी मुलुकहरुमा जाने हुँदा श्रमिकले कठिन तथा जोखिमपूर्ण कार्य गर्नु पर्ने हुन्छ । कठिन तथा जोखिमपूर्ण कार्य, तापक्रमको ठूलो अन्तर, खानपानमा असावधानी आदि कारणले धेरै नेपालीहरूले त्यस्ता देशहरूमै ज्यान गुमाँउदै आएका छन् भने कयौं नेपालीहरूले दुर्घटनामा परी अपाङ्ग भई घर फर्कनु परेको अवस्था छ ।

उपरोक्त समस्यालाई मध्यनजर गर्दै नेपाल सरकारले वैदेशिक रोजगार (म्यादी) जीवन बीमालाई अनिवार्य गर्ने नीति लिएको छ । जस अनुरूप बीमा समितिले मिति २०६८ साल कार्तिक १ गते देखि लागू हुने गरी स्तरीय तथा एकरुपता कायम हुने गरि वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेख तयार गरी सोको बीमादर समेत जारी गरेको हो । जीवन बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त ९ बीमकहरूमध्ये हाल ५ वटा बीमा कम्पनीहरूले नियमित रूपमा उक्त बीमा व्यवसाय गर्दै आएका छन् । समितिले वैदेशिक रोजगार (म्यादी) जीवन बीमामा देखिएका विभिन्न समस्याहरूलाई क्रमशः निराकरण गर्दै लैजानका लागि बीमालेखमा समय समयमा परिमार्जन गर्दै आएको छ । हाल प्रचलनमा रहेको वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखले देहाय बमोजिमको सुविधा उपलब्ध गराँउदै आएको छः । **(तालिका १६)**

तालिका १६

**वैदेशिक रोजगार (म्यादी) जीवन बीमालेखले उपलब्ध गराएको सुविधा**

| क्र. सं. | विवरण | सुविधा रकम रु. |
|---|---|---|
| १ | मृत्यु भएमा | १०,००,००० |
| २ | स्थायी पूर्ण अशक्तता वा पूर्ण अंगभंग भएमा | १०,००,००० |
| ३ | आंशिक अशक्तता वा आंशिक अंगभंग | बीमाङ्कको ४ देखि ५० प्रतिशत सम्म |
| ४ | औषधोपचार खर्च | वास्तविक खर्च बीमाङ्कको १० प्रतिशत हद नबढ्ने गरी |
| ५ | किरिया तथा अन्य खर्च | १,००,००० |
| ६ | बिदेशमा मृत्यु भएमा शव ल्याउन लाग्ने खर्च | १,००,००० |
| ७ | आयको नोक्सानी वापत | मृत्यु वा स्थायी पूर्ण अशक्तता वा पूर्ण अंगभंग भएमा २,००,००० र आंशिक अशक्तता वा आंशिक अंगभंग भएमा १,००,००० |
| ८ | घातक रोग लागेमा | ५,००,००० |

## वैदेशिक रोजगार (म्यादी) जीवन बीमाबाट बिगत दुई बर्षमा भएको आय, व्यय, दावीको स्थिति

आ.व. २०७१/७२ मा ९,३३,८७१ वटा बीमालेख जारी भएकोमा आ.व. २०७२/७३ मा २५.२६ प्रतिशतले वृद्धि भई ११,६९,७६० वटा बीमालेख जारी भएको पाइयो ।

आ.व. २०७१/७२ मा कुल बीमाशुल्क रु. १ अरब ६० करोड ५२ लाख रहेकोमा आ.व. २०७२/७३ मा कुल बीमशुल्कमा ३.५३ प्रतिशतले वृद्धि भई रु.१ अरब ६६ कारोड १९ लाख रहेको पाइयो भने आ.व. २०७१/७२ मा खुद बीमाशुल्क रु. १ अरब १० करोड ९८ लाख रहेकोमा आ.व. २०७२/७३ मा खुद बीमशुल्कमा ८.७३ प्रतिशतले वृद्धि भई रु.१ अरब २० कारोड ६७ लाख रहेको पाइयो ।

आ.व. २०७१/७२ मा कुल दाबी रु. ६४ करोड २३ लाख रहेकोमा आ.व. २०७२/७३ मा कुल दाबी ०.४७ प्रतिशतले कमी भई रु. ६३ करोड ९३ लाख रहेको पाइयो भने आ.व. २०७१/७२ मा खुद दाबी रु. ४१ करोड १९ लाख रहेकोमा आ.व. २०७२/७३ मा खुद दाबीमा २.०६ प्रतिशतले वृद्धि भई रु. ४२ करोड ४ लाख रहेको पाइयो । **(तालिका १७)**

तालिका १७

**वैदेशिक रोजगार (म्यादी) जीवन बीमाबाट बिगत दुई बर्षको बीमाशुल्क तथा दावीको विवरण**

रकम रु. करोडमा

| क्र.सं. | शिर्षक | २०७१/७२ | २०७२/७३ | वृद्धिदर |
|---|---|---|---|---|
| १ | बीमालेख संख्या | ९,३३,८७१ | ११,६९,७६० | २५.२६ |
| २ | कूल बीमा शूल्क | १६०.५२ | १६६.१९ | ३.५३ |
| ३ | खूद बीमा शूल्क | ११०.९८ | १२०.६७ | ८.७३ |
| ४ | पूनर्बीमा शूल्क | ४९.५४ | ४५.५१ | (८.१३) |
| ५ | कूल दाबी भूक्तानी | ६४.२३ | ६३.९३ | (०.४७) |
| ६ | खूद दाबी भूक्तानी | ४१.१९ | ४२.०४ | २.०६ |

## २.८ पुनर्बीमा शुल्क

बीमा व्यवसायको एक अभिन्न अङ्गको रुपमा पुनर्बीमा रहेको छ । बिमकले विमितवाट स्विकारेको जोखिममा आफ्नो क्षमता अनुसार राखिएको धारणा (Retention) भन्दा माथिको जोखिम पूनर्बीमाको माध्यमबाट पूनर्बीमकलाई हस्तान्तरण गर्दछन । साथै महाबिपत्ति जस्ता घटनाहरु आई लाग्यो भने कम्पनीहरुको जगेडा तथा पुँजी अपर्याप्त हुनगै कम्पनीहरुको नेर्टओर्थ उजागरिकण नहोस भनि पुनर्बीमक मार्फत प्रत्यक्ष तथा पुनर्बीमक ब्रोकर मार्फत पनि पुनर्बीमा गरिन्छ । एकातिर पुनर्बीमाले भैईपरी आउने ठुलाठुला आपतकालिन अवस्थाको सुरक्षामा सहजिकरण हुन्छ भने अर्कोतिर बर्षेनि पुनर्बीमा शुल्क बिदेशीने पनि गर्दछ । बीमा कम्पनीहरुले आ-आपनो क्षमता अनुसार धारणा राखी बाकी पुनर्बीमा अनिवार्य रुपमानै गर्नु पर्ने हुन्छ ।

पुनर्बीमा वापत पठाईने शुल्क भनेको पुनर्बीमा शुल्क हो जुन सम्झौता अनुसार पुबर्नीमकहरुको नाममा रहेको अंशको हिस्सा खुद रकम पुनर्बीमा शुल्क भुक्तानी गरिन्छ । यसरी भुक्तानी गर्दा भारतमा भारतीय मुद्रा तथा अन्य मुलुकमा भने अमेरिकी डलरमा भुक्तानी गरिन्छ । आर्थिक बर्ष २०६८/६९ देखि २०७२/७३ सम्म क्रमिक रुपले पुनर्बीमा शुल्क ५२.४६ करोड, ५३.२ ९ करोड , ६२.०२ करोड, ७४.२२ करोड र ७६.३५ क्रमश भई बढर्दै गई रहेको देखिन्छ । जसलाई तलको **तालिका १८** मा प्रस्तुत गरिएको छ ।

तालिका १८

**पुनर्बीमा शुल्क**

रकम रु. करोडमा

| क्र.सं. | कम्पनीको नाम | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
|---|---|---|---|---|---|---|
| १ | नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. | २७.८७ | २५.९४ | २८.११ | २८.४३ | २४.८३ |
| २ | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | १२.०७ | १२.१२ | ११.७६ | ११.९१४ | १२.११ |
| ३ | लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १.२० | १.८१ | ४.३५ | ८.७९ | ११.२१ |
| ४ | मेट लाईफ (ALICO) | १.२७ | १.६२ | २.१८ | ३.०२ | ४.६३ |
| ५ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. | ०.३६ | ०.३८ | ०.५७ | १.०१ | ०.३९ |
| ६ | सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लि. | ०.२४ | ०.३३ | ३.३३ | १०.२८ | ६.८२ |
| ७ | गुँरास लाईफ इन्स्योरेन्स कम्पनी लि. | ०.१८ | ०.२७ | ०.३७ | १.३५ | ४.३९ |
| ८ | प्राइम लाईफ इन्स्योरेन्स कम्पनी लि. | ९.२७ | १०.८३ | ११.३५ | ९.३९ | ११.९६ |
| | जम्मा | ५२.४६ | ५३.२९ | ६२.०२ | ७४.२२ | ७६.३५ |

नोटःराष्ट्रिय बीमा संस्थानको विवरण प्राप्त नभएकाले समावेश नगरिएको ।



## २.९ विनाशकारी महाभुकम्पको कारणबाट जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले गरेको बीमा दावी भुक्तानीको विवरण

२०७२ साल बैशाख १२ गते गएको महाभुकम्पले ठूलो मात्रामा जनधनको क्षति भएको थियो । महाभुकम्पबाट बीमा कम्पनीमा पर्न सक्ने क्षति तथा सोको दावी भुक्तानी यथाशिघ्र थालनी गरी बीमा समितिबाट बीमकहरुलाई बीमा दावीको यथाशिघ्र क्षति आंकलन तथा दावी मूल्याङ्कन गरी दावी भुक्तानी गर्ने प्रक्रियालाई उच्चतम प्राथमिकता दिई बीमकले तिव्र गतिमा बीमा दावी भुक्तानी गर्नु पर्ने ब्यवस्थापन मिलाएको थियो । नेपाल सरकारको नेपाल बिपत्ती प्रतिबेदन २०१५ मा प्रकाशित तथ्याङ्क अनुसार महाभुकम्पबाट जम्मा ८,८९६ जना मानिसहरुको मृत्यु, १९८ जना हराईरहेको तथा २२,३०२ जना घाईते भएकोमा बीमा भएको ब्यक्तिहरु मध्ये जम्मा ३६० जना मात्र जीबन बीमाको लाभ प्राप्त गरेको आकाँडालाई मध्ये नजर गर्दा कुल मृतक मध्ये जम्मा ४ % मात्र जीबन बीमा दाबी भएको देखिन्छ । हालसम्म जीवन बीमाका सबै दाबी योग्य बीमा दाबी फछ्र्यौट भई सकेकोछ । बीमा दाबी वापत रु. ९१५.२० लाख रुपैयाँ दाबी भुक्तानी भैसकेको हुँदा जीवन बीमामा महाभुकम्प वापत कुनै पनि दाबी भुक्तानी हुन बाँकी देखिदैन। **तालिका १९**

तालिका १९

**विनाशकारी महाभुकम्पको कारणबाट जीवन बीमा व्यवसायबाट भएको दावी भुक्तानीको विवरण**

| क्र.स. | बीमा कम्पनीको नाम | दावी परेको संख्या (क) | दावी भुक्तानी भएको संख्या (ख) | दावी भुक्तानी भएको संख्या प्रतिशतमा (ग=ख/कx१००) | दावी भुक्तानी भएको रकम (रु. लाखमा) (घ) |
|---|---|---|---|---|---|
| १ | श्री राष्ट्रिय बीमा संस्थान | १९ | १९ | १००.०० | ७५.१३ |
| २ | श्री नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ३० | ३० | १००.०० | ४१.८६ |
| ३ | श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४३ | ४३ | १००.०० | २४०.६५ |
| ४ | श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | १७ | १७ | १००.०० | ८३.२८ |
| ५ | श्री मेट लाइफ (ALICO) | १५९ | १५९ | १००.०० | ३२४.५२ |
| ६ | श्री एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. | ६४ | ६४ | १००.०० | ७६.५४ |
| ७ | श्री सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. | ८ | ८ | १००.०० | २६.०२ |
| ८ | श्री गुँरास लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७ | ७ | १००.०० | ५.१३ |
| ९ | श्री प्राईम लाइफ इन्स्योरेन्स कम्पनी लि. | १३ | १३ | १००.०० | ४२.०७ |
| | जम्मा | ३६० | ३६० | १००.०० | ९१५.२० |

## २.१० जीवन बीमकहरुको वित्तीय विवरण स्वीकृति :

बीमकहरुको वासलात तथा वित्तीय विवरणहरुको नियमित गैर-स्थलगत अनुगमन गर्नुका साथै यस समितिवाट जारी गरिएका नीति निर्देशनहरुको पालना भए नभएको सम्वन्धमा आवश्यक निरिक्षण गरी पालना नभएको अवस्थामा बीमकलाई सचेत गराईएको छ । बीमकहरुले वार्षिक साधारण सभा हुनु अगावै, वित्तीय विवरण प्रकाशित गर्न समितिवाट स्वीकृति दिने कार्यलाई निरन्तरता दिइएको छ । आर्थिक वर्ष २०७२/७३ मा बीमकहरुको अघिल्लो आ.व. २०७१/७२ को वित्तीय विवरण पेश हुने र ठिक भएमा समितिबाट स्वीकृति दिने गरिन्छ ।

जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट समितिमा पेश भएका मध्ये धेरै जसो बीमा कम्पनीहरुले समितिबाट सैद्धान्तिक स्वीकृती प्रदान गरिएको तथा राष्ट्रिय बीमा सस्थानको आ. ब. २०५९/६० सम्ममा मात्र वित्तीय विवरण स्वीकृत भएको देखिन्छ । बिस्तृत बिवरण देहाय बमोजिम रहेको छ । **(तालिका-२०)**

तालिका-२०

**जीवन बीमा ब्यबसाय गर्ने बीमकहरुको वित्तीय विवरण स्विकृतिको अवस्था**

| सि.नं. | बीमकको नाम | आ.ब. २०७२/७३ मा पेश भएको वित्तीय विवरण | | | |
|---|---|---|---|---|---|
| | | स्वीकृत भएको | सैद्धान्तिक स्वीकृती प्रदान गरिएको | प्रकृयामा रहेको | पेश नभएको |
| १ | राष्ट्रिय बीमा संस्थान | २०५९/६० सम्म स्वीकृत | | २०६०/६१ देखि २०६५/६६ | आ.व.२०६५/६६ देखिको विवरण पेश नभएको |
| २ | नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. | | ✓ | | |
| ३ | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | | ✓ | | |
| ४ | लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | | ✓ | | |
| ५ | मेट लाईफ (ALICO) | | ✓ | | |
| ६ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. | | ✓ | | |
| ७ | सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लि. | | ✓ | | |
| ८ | गुँरास लाईफ इन्स्योरेन्स कम्पनी लि. | | ✓ | | |
| ९ | प्राइम लाईफ इन्स्योरेन्स कम्पनी लि. | | ✓ | | |

## २.११ बीमालेख स्वीकृति :

बीमा ऐन, २०४९ अनुसार बीमकले आफ्नो व्यवसाय विस्तार गर्दा आफ्ना ग्राहकहरुको आवश्यकता अनुसारका बीमालेख प्रचलनमा ल्याउनु अघि बीमा नियमावली, २०४९ को नियम ४(३) मा जीवन बीमा र नियम ५(३) मा निर्जीवन बीमाको बीमालेख समितिवाट स्वीकृति प्राप्त भए पछि प्रचलनमा ल्याउनुपर्ने प्रावधान रहेको छ ।

आर्थिक वर्ष २०७२/७३ मा विभिन्न बीमकारुबाट स्वीकृतिका लागि पेश भएका दश नयाँ बीमालेखहरु प्रचलनमा ल्याउन लागिस्वीकृति प्रदान गरिएको छ । त्यसैगरी नगद बीमालेख समितिबाट तयार गरी मिति २०७३/०२/१६ मा जारी भएको छ । मिति २०७३/०१/०१ देखि लागु हुने गरी वैदेशिक रोजगार म्यादी बीमालेख परिमार्जन गरिएको छ । आ.व.२०७२/७३ मा स्वीकृत भएका जीवन बीमालेखको विवरण देहाय बमोजिम रहेको छ ।**(तालिका -२१)**

तालिका -२१

**आ.व. २०७२/ ७३ मा समितिबाट स्वीकृत भएका जीवन बीमाका बीमालेखहरु**

| क्र. स. | बीमालेख | स्वीकृत मिति | बीमक |
|---|---|---|---|
| १ | सुर्या धनबृद्धि (अग्रिम भुक्तानी साबधिक बीमा योजना) | २०७२/०४/२० | सुर्या लाइफ ई. कम्पनी लि. |
| २ | बचतकर्ता सुरक्षा योजना | २०७२/०७/०२ | मेट लाइफ एलिको |
| ३ | धन समृद्धि ( सिमित अबधि भुक्तानी ) बीमा योजना स्थायी स्विकृती | २०७२/०८/२५ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. |
| ४ | गुँरास वार्षीक नगद फिर्ता जीवन बीमा योजना | २०७२/०९/२१ | गुँरास लाइफ ई. कम्पनी लि. |
| ५ | "Comprehensive Group Medical Insurance" | २०७२/०९/२२ | मेट लाइफ एलिको |
| ६ | सामुहिक सावधिक जीवन बीमा योजना (Group Endowment Policy) | २०७२/०९/२८ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि |
| ७ | प्राइम लाइफ सुलभ ( अग्रिम भुक्तानी साबधिक ) बीमा योजना | २०७२/१०/१३ | प्राइम लाइफ ई. कम्पनी लि. |
| ८ | "ग्रामिण साबधिक जीवन बीमा " | २०७२/११/१३ | नेपाल लाइफ ई. कम्पनी लि. |
| ९ | " जीवन श्री " साबधिक योजना | २०७३/०२/१६ | लाइफ ई. कर्पोरेशन (नेपाल) लि. |
| १० | प्राइम लाइफ सुरक्षीत आवास जीवन बीमालेख | २०७३/०१/०६ | प्राइम लाइफ ई. कम्पनी लि. |

## २.१२ बीमा कम्पनीहरुको सुपरिवेक्षण

मुलुकभर सञ्चालित बीमा व्यवसायको नियमन, अनुगमन र सुपरिवेक्षण गर्ने कार्य समितिबाट हुँदै आएको छ । सामान्यतयाः अनुगमन र सुपरिवेक्षण स्थलगत तथा गैर स्थलगत गरी दुई प्रकारले गरिन्छ । समितिबाट जारी निर्देशनको उल्लंघन गरेको पाइएमा बीमकलाई बीमा ऐन, २०४९, तथा बीमा नियमावली, २०४९ बमोजिम कारवाही गर्ने अधिकार रहे बमोजिम आ.व. २०७२/०७३ मा देहायका बीमक, बीमकका संचालकलाई कारवाही गरिएको छ । **(तालिका २२)**

तालिका २२

**बीमा कम्पनीको सुपरिवेक्षण**

